# आदिवासी जनजाति आयोग

## पुल्चोक, ललितपुर

पत्र संख्या ०७७।०७८

च.नं.

**सरकार (संघीय, प्रदेश र स्थानीय) को आर्थिक वर्ष २०७८/७९ मा**
**आदिवासी जनजाति नीति तथा कार्यक्रम र बजेट**
**पत्रकार सम्मेलन**

**आदरणीय पत्रका मित्रहरु,**

यहाँहरु सबैलाई भ्fोर्ले, सेवा, फ्याफुल्ला, जोजोलप्पा, टासीदेले,.......अभिवादन ।

आदिवासी जनजातिहरुले आफ्नो समुदायको सामाजिक, आर्थिक, धार्मिक, साँस्कृतिक तथा राजनैतिक अधिकारको लडाइपछि संविधान सभाको माध्यामबाट निर्मित नेपालको संविधान २०७२ अनुसार आदिवासी जनजाति आयोगको स्थापना भएको यहाँहरुलाई अवगतै छ । आयोगको सचिवालयको स्थापना २०७५ मा भएपनि आयोगले २०७७ माघ २१ गते मात्रै पदाधिकारी पाएको हो । आयोगमा हामी अध्यक्ष तथा सदस्य आएपछि निरन्तर रुपमा आदिवासी जनजाति आयोगले गर्नु पर्ने काम गरिरहेका छौं ।

आयोगको उद्देश्य पूर्तिको लागि सोही अनुसारको साङ्गठनिक तथा भौतिक संरचना आवश्यक हुन्छ तर त्यो अहिले हामीसँग छैन । संरचना निर्माण र कार्यक्रममा अहोरात्र लाग्दा लाग्दै कोभिड-१९ को कारण फेरी हामी कोठामै खुम्चिन वाध्य भयौं । यसै बिचमा नेपालको तीनै तहको सरकारले आगामि आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम र बजेट ल्याउने काम केही भइसकेको र केही हुँदैछ । यसै सन्दर्भमा आयोगले नेपाल सरकारका अर्थमन्त्री एवं प्रदेश सरकारका मुख्य मन्त्रीहरु र स्थानीय सरकारका पालिका प्रमुखहरुसँग आदिवासी जनजातिको लागि नीति तथा कार्यक्रम र बजेटको व्यवस्थापन गर्नको लागि सुझाव र सिफारिस गरिसकेको छ ।

आयोगको निर्णय र सिफारिस अनुसार सङ्घीय सरकारले लोपोन्मुख तथा अति सिमान्तकृत आदिवासी जनजातिलाई शिक्षा, श्वास्थ र रोजगारीको लागि केही नीति तथा कार्यक्रमहरु सम्बोधन गरेको छ भने प्रदेश सरकारले आफ्नो नीति तथा कार्यक्रम पारित गर्नको लागि छलफल गरिरहेको छ । हामीलाई आशा छ प्रदेश सरकारहरुले पनि आदिवासी जनजाति उत्थान र विकाशको लागि उनीहरुको समाजिक तथा साँस्कृति पहिचान र संरक्षण एवं सम्वर्द्धन गर्नेछ र आदिवासी जनजातिको हक अधिकार सरक्षण र सशक्तिकरणको लागि आवश्यक जनचेतना तथा आर्य आर्जनमूलक कार्यक्रम सम्पन्न गर्न नीति तथा कार्यक्रम र बजेटको व्यवस्थापन गर्ने छ ।

यसै क्रममा आयोगले जनतालाई दैनन्दिन प्रत्यक्ष सेवा दिने स्थानीय सरकार (महानगरपालिका ,उपमहानगरपाललिका, नगरपालिका गाउँपालिका) का प्रमुख तथा उपप्रमुख र अध्यक्ष एवं उपाध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतसँग गत जेष्ठ ३१ गतेदेखि असार ८ गतेसम्म निरन्तर जुमको माध्यामबाट आर्थिक वर्ष २०७८/७९ को आदिवासी जनजाति नीति तथा कार्यक्रम र बजेट सम्बन्धमा भर्चुअल बैठक सम्पन्न गर्‍यो । स्थानीय सरकारका प्रतिनिधिका साथै आदिवासी जनजाति महासङ्घ सँग आवद्ध प्रदेश तथा जिल्लास्तरीय प्रातिनिधि र आदिवासी जनजाति विज्ञ एवं अभियन्ताहरुसँगको निरन्तर सम्वादले आदिवासी जनजातिको विकाश र उत्थानको लागि ऐतिहासिक आन्दोलन २०६२/०६३ को सफलता पछि तत्कालिन जिल्ला विकाश समिति मार्फत आदिवासी जनजातिको लागि निश्चित प्रतिशत बजेट छुट्याएको तर अहिले ति कार्यक्रमहरुलाई स्थानीय सरकारले निरन्तरता नदिएकोले त्यसलाई अझै सशक्त तरिकाले निरन्तरता दिनुपर्ने माग आदिवासी जनजाति समुदायका प्रतिनिधिबाट आएको र स्थानीय सरकारका कतिपय जन प्रतिनिधिले पहिलाको आदिवासी जनजाति उत्थानको नीति तथा कार्यक्रम र बजेटलाई निरन्तरता दिएको तर कतिपयले आफूहरुलाई त्यस्तो माग नआएको र आएमा निरन्तरता दिने प्रतिवद्धता समेत व्यक्त गर्नु भएको छ । यो सह्रानिय उपलब्धि भर्चुअल बैठकले प्रदान गरेको छ ।

**पत्रकार साथीहरु,**

२०६८ सालको जनगणना अनुसार नेपालमा ३५.४ प्रतिशत आदिवासी जनजातिहरुको जनसङ्या छ जुन ठूलो हो । यत्तिका जनसङ्ख्या भएको समुदाय उत्पिडनमा रही रह्यो र उनिहरुलाई राज्यको मूलधारमा ल्याउन सकिएन भने "सुखि नेपाली र समृद्ध नेपालको" कल्पना साकार हुन सक्दैन । यसर्थ राज्य सरकारका सबै तहका निकायहरुलाई आगामि आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रममा आदिवासी जनजाति उत्थान र विकासको लागि आवश्यक बजेटको विनियोजन गरी किनाराकृत आदिवासी जनजाति समुदायलाई मूल प्रवाहमा ल्याउनको लागि योजना तर्जुमा गर्न आदिवासी जनजाति आयोग हार्दिक अपिल गर्दछ र यो सन्देश सम्बन्धित सबैमा प्रवाह गरिदिनुहुनको लागि आयोग सबै सञ्चारकर्मि संस्था तथा प्रतिनिधि साथीहरुलाई अनुरोध गर्दछ ।

धन्यवाद ।

मा. अध्यक्ष

रामबहादुर थापामगर

अध्यक्ष, आदिवासी जनजाति आयोग, पुल्चोक

९ असार २०७८

ललितपुर

टेलिफोन नं : ९७७-१-५५२४७८८, ५५२४४२४
बेभसाइट : www.inc.gov.np
इमेल ठेगाना : inc.gov.np@gmail.com

Scanned with CamScanner